# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ (संख्या ८) चैत्र १९ गते २०८२ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मितिः २०८२।१२।०८

**प्रस्तावनाः**

चामुण्डाविन्द्रासैनी नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपूरक अनुदानका साथै नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी चामुण्डाविन्द्रासैनी नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नामः “कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **उद्देश्य :** कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न ।

(ख) दफा ५ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न ।

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखि सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न ।

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न ।

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यर्थाथपरक विवरण अभिलेखीकरण गर्न ।

३. **कन्टेन्जेन्सी रकमको व्यवस्था :** कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको ४ प्रतिशतले हुने रकम कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ। शशर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टी गरिनेछ ।

४. **लागत अनुमानको तयारी :** दफा ३ बमोजिम कन्टिन्जेन्सी रकम कट्टा गरी बाँकी रहेको रकमलाई





शत प्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

५. **कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरु :** योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई नगरकार्यपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण मूल्याङ्कन जाँचपास तथा प्रतिवेदन सम्बन्धि खर्च एवं योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी तथा कर्मचारीको व्यवस्थापनमा लाग्ने फिल्ड तथा दैनिक भ्रमण भत्ता लगायतका खर्च ।

(घ) विनियोजित बजेट नरहेको तर तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न

(ङ) नगरकार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र ।

(च) लेखापरीक्षण सम्बन्धी खर्च ।

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/उपभोक्ता समिति गठन अभिमुखीकरण/ तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च ।

(झ) स्थानीय तह वा अन्य निकायका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाइ अनुसरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(ञ) योजनासँग सम्बन्धित सामाजिक परिचालन खर्च ।

(ट) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ठ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धि खर्च ।

६. **कन्टिन्जेन्सी रकमको खर्च प्रकृति :** योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालु) खर्चतर्फ अधिकतम ६० प्रतिशत र पूँजीगत खर्चतर्फ अधिकतम ४० प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

७. **बजेट फ्रिज सम्बन्धि व्यवस्था :** आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछ :

(क) नेपाल सरकार तथा प्रदेश सरकार तथा अन्य निकायहरुको शशर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानको कन्टिन्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ३ (तिन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कन्टिजेन्सी रकम सञ्चित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनुसूची १ बमोजिमको कार्ययोजना तयार गरी खर्च गर्न सकिनेछ ।

(ग) नगरपालिकाको आफ्नो योजनाको कन्टिन्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा कर्मचारी कल्याण कोषमा समेत दाखिला गर्न सकिनेछ ।

८. **कन्टिजेन्सी रकम एकीकृत तथा खर्च प्रणाली :** नगरकार्यपालिकाको वार्षिक विशेष तथा समपुरक अनुदान अन्तरगत स्वीकृत बजेट तथा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम, योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा एकीकृत रुपमा हिसाब गरी सो को खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी योजना शाखावाट अनुसूचि १ बमोजिम कन्टिजेन्सी खर्चको कार्ययोजना स्वीकृत गरी राखिनेछ। तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिजेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयनसँगै खर्च गर्ने व्यवस्था मिलाईनेछ।

९. **थपघट, हेरफेर वा संशोधन :** नगरकार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

खण्ड ८ (संख्या ८) चैत्र १९ गते २०८२ साल

१०. **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ।

११. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने :** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

## अनुसूचि १

(दफा ८ सँग सम्बन्धित)

| क.सं. | योजनाको नाम | स्वीकृत रकम | कन्टिन्जेन्सी रकम | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**आज्ञाले**
**भलाराम पंगाली**
**प्रमुख प्रशासकीय अधिकृत**